# बागमती गाउँपालिका
# ༄༅། བྷ་ག་མ་ཏི་ གྲོང་ཚོ་
## गाउँ कार्यपालिकाको कार्यालय

बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३ जेष्ठ २९ गते शुक्रबारको बैठकबाट भएका निर्णयहरु

| क.सं. | प्रस्ताव सँग सम्बन्धित समिति | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | सुशासन तथा संस्थागत क्षमता विकास | बागमती गाउँपालिकाको आ.व. ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट गाउँ सभामा पेश गर्न २०८३ असार १० गते विहान ११:०० बजे बागमती गाउँपालिकाको गाउँ सभाको १९ औं अधिवेश बैठक बस्ने । सो बैठकमा पेश गर्नु पर्ने प्रतिवेदन विधेयक लगायत बजेट निर्माणका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन गर्ने । |
| | | CREGC-COVEC JV, काठमाडौंले दाखिला गर्न बाँकी राजस्व दाखिला गर्न लगाउने अन्यथा प्रचलित नियमानुसार कारबाही अगाडि बढाउने । |
| | | तपसिल कार्यविधिहरु स्वीकृत गरी लागू गर्ने ।<br>१. बागमती गाउँपालिकाको चमेनागृह व्यवस्थापन कार्यविधि, २०८३<br>२. बागमती गाउँपालिकाको बाल्यकालको बचत कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ |
| | | २०८३ जेष्ठ १९ देखि जेष्ठ २७ गते सम्मको बहिर्गमन अभिमत स्वीकृत गरी प्रकाशन गर्ने । |
| | | यस गाउँपालिका भित्र कार्यक्षेत्र बनाइ कार्यक्रम गर्ने गै.स.सं.हरुले पेश गरेको आ.व. ०८३/०८४ को वार्षिक कार्यक्रम स्वीकृत गरी गाउँ सभामा अनुमोदनका लागि पेश गर्ने । |
| | | प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट कन्सल्टेन्ट प्रा.लि., काठमाडौंले तयार गरेको बागमती गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) माथि सुझाव प्रदान गरी आगामी बैठकमा सुझाव समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्न लगाउने । |
| | | गाउँपालिका प्रशासकीय भवन परिसरमा चमेना गृह सञ्चालनका लागि न्यूनतम भाडा रु १०,०००।–(बहाल कर बाहेक) तोकी सीलबन्दी बोलपत्र आव्हान गर्ने । |
| | | वडा नं. १ घुसेलका वडा अध्यक्ष ज्ञान बहादुर लोको ममतामयी आमाको मृत्यु भएकोले श्रद्धाञ्जली व्यक्त गर्दै शोक प्रस्ताव पारित । |
| २. | सामाजिक विकास | ललितपुर महानगरको आर्थिक सहयोगमा खरिद गर्ने भनिएको शव वाहन २०८३/०८४ मा खरिद गर्ने । |
| ३. | वन वातावरण तथा विपद् व्यवस्थापन | तपसिल स्थानीयहरुको विपद्का कारण मृत्यु भएको हुँदा **विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१** को दफा ५(९)(क) बमोजिम राहत रकम उपलब्ध गराउने ।<br>क. कान्छी माया मार्पा<br>ख. फूल माया बजु |

प्रकाशन मिति :- २०८३/०३/०१

लोकहरी थापा
प्रमुख प्रशासकीय अधिकृत